## श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन–पत्र

विषयः**नेपालको संविधानको प्रस्तावना, धारा ४६ र १३३(२)(३) को आधारमा परमादेश लगायत अन्य आवश्यक उपयुक्त आदेश जारी गरी पाउँ।**

यो निवेदन मा निवेदक स्वयमले मस्यौदा गरेको हो।

गण्डकी प्रदेश, बागलुङ जिल्ला,पैंयुथन्थाप स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-७, चाबहिल बस्ने अधिवक्ता किशोर पौडेल-----------------------------------------------१

का.जि.का.म.न.पा.-६, बौद्ध बस्ने अधिवक्ता अनुपम भट्टराई------------------------------------------------१

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची-६ स्थायी घर भई हाल का.जि.का.म.न.पा.-२९, अनामनगर बस्ने अधिवक्ता जगन्नाथ दुलाल समेत जना ३ को वारेस भई आफ्नो हकमा समेत लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा.-२,स्थायी घर भई हाल ल.पु.म.न.पा.-२ बस्ने कानुन संकायकी विद्यार्थी रेजीना पौड्याल (९८६०१२५४३२)------------------------------------------------------------१

**रिट निवेदक**

विरुद्ध

नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार काठमाडौं------------------------१

नेपाल सरकार कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार काठमाडौं-----------------------१

संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं-------------------------------------------------------------१

**प्रत्यर्थी**

मुद्दाः– परमादेश।

हामी निवेदक नेपालको संविधानको प्रस्तावना, धारा ४६, धारा १३३ को उपधारा २ र ३, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ (१)(ख), नियम ४०, नियम ४१, नियम ४२, नियम ४३,नियम ४९ समेतको आधारमा निम्न लिखित व्यहोराको निवेदन गर्दछौं:

१. हामी निवेदक संविधानवाद प्रति सचेत नेपाली नागरिक हुनुका साथै कानुन व्यवसायी तथा कानुनका क्षेत्रमा काम समेत गर्ने भएकोले यसमा हाम्रो सार्थक सम्बन्ध र यसले हामीलाई तात्विक असर पार्ने भएकोले हकदैया रहेको छ। यस विषयमा प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको छैन। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(ख) बमोजिम यस विषयमा यस अघि सम्मानित अदालतमा उपचार

खोजेको साथै सो विषय यस अघि अदालतबाट निरुपण भएको छैन र अदालतमा विचाराधीन समेत रहेको छैन।

२. विक्रम संवत् २०७९ साल मंसिर ४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरि निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट मिति २०७९-४-१९ मा प्रेस विज्ञप्ति प्रकाशन गरि निर्वाचन आयोगले जानकारी गराएको थियो[1]। सरकारले चुनावको मिति घोषणा गर्नु नै निर्वाचनको सुरूवातको बिन्दु हो।

२०७४ मा निर्वाचित प्रतिनिधि सभाका सांसदहरु को पदावधी यही असोज १ गते सम्म रहेको अवस्था छ। सोहि अनुरूप २०७९ साल असोज १ गते प्रतिनिधि सभाको यो कार्यकालको अन्तिम बैठक बस्ने र सांसदहरुलाई बिदाई गर्ने कार्यक्रम रहेको संघीय संसद सचिवालयले जनाएको थियो।

३. मिति २०७९-५-२६ मा निर्वाचन आयोगले उम्मेद्वारको बन्दसूची पेश गर्ने सम्बन्धमा प्रेस विज्ञप्ति प्रकासन गरि " मिति २०७९ साम मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको प्रयोजनकको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ७ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ७ बमोजिम निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम निर्धारण गरि नेपाल राजपत्रमा सूचना प्रकाशित भइसकेको छ। उल्लेखित कार्यक्रम बमोजिम राजनीतिक दलहरुले उम्मेद्वारहरुको बन्दसूची पेश गर्न मिति२०७९-६-२ देखि मिति २०७९-६-३ सम्मको अवधि निर्धारण गरिएको भन्ने प्रस्ट सँग उल्लेख गरेको छ[2]"।

सोहि बमोजिम राजनीतिक दलहरुले उम्मेद्वारको बन्दसूची पेश गरेका छन्। नेपालको संविधानको धारा ९१ को उपधारा (६) (क) मा प्रयुक्त पदावलि "तर प्रतिनिधि सभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधि सभाका सभामुख र उपसभामुख प्रतिनिधि सभाका लागि हुने अर्को निर्वाचनको उम्मेवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहनेछन्" अन्यथा प्रतिनिधि सभाको सभामुख वा उपसभामुखको पद रिक्त हुनेछ भन्ने कुरा स्पस्टसँग उल्लेख गरिएको छ।

४. संविधानमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिकाको प्रावधान रहेको छ, जसलाई संघीय संसद भनिन्छ। प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम १६५ जना र समानुपातिक निर्वाचन प्रणाली बमोजिम ११० जना गरि २७५ जना सदस्यहरु रहने उल्लेख गरिएको छ। प्रतिनिधी सभा चुनाव,२०७४ मा अहिलेका सभामुख अग्निप्रसाद सापकोटा सिन्धुपाल्चोक-१ बाट निर्वाचित तथा उपसभामुख पुष्पा भुषाल गौतम, नेपाली काँग्रेस,महिला कोटामा प्रतिनिधि सभा समानुपातिक निर्वाचित उम्मेदवार रहि प्रतिनिधि सभा सांसद रहनु भएको थियो। राजनीतिक दलले प्रतिनिधि सभा निर्वाचन, २०७९ का लागि समानुपातिक तर्फ उम्मेद्वारहरुको बन्दसूची पेश गरिसकेको अवस्थामा पनि सभामुख र उपसभामुखले संविधानको धारा ९१(६)(क) को मर्म र भावना विपरित आ-आफ्नो पदबाट राजीनामा गर्नुभएको छैन जसले गर्दा राज्यलाई थप आर्थिक भार पर्ने निश्चित छ।

सभामुख र उपसभामुखको पदावधी सकिदा पनि राज्य स्रोत साधन तथा प्राप्त सेवा सुविधाहरुको प्रयोग गरिरहनु भएको छ, यो दुरूपयोग सविंधानमाथिको निर्मम प्रहार र धोकाधडी हो। संविधानको अक्षरस

[1] मिति २०७९-४-१९ मा निर्वाचन आयोगले प्रकाशन गरेको विज्ञप्ति को प्रतिलिपि संलग्न कागजातमा सामेल गरिएको छ।

[2] मिति २०७९-५-२६ मा निर्वाचन आयोगले प्रकाशन गरेको विज्ञप्ति को प्रतिलिपि संलग्न कागजातमा सामेल गरिएको छ।

पालना गर्ने हो भने सभामुख र उपसभामुखले सो पद धारण गरि राज्यको स्रोत साधनको दुरुपयोग गरिरहनु भएको छ।

५. सीमित सरकारको अवधारणा अनुसार संविधानवादको मूल विधा नै सिमित सरकार (Limited Government) हो। कार्यपालिकीय एवं व्यवस्थापकीय कार्य कानुन र संविधान बमोजिम चल्नुपर्दछ भन्ने मान्यता रहन्छ। यदि संविधान र कानुनबमोजिम सरकार र संसदले काम नगरेमा अदालतले न्यायिक पुनरावलोकन(Judicial Review) गरि संविधान र ऐन कानुन बमोजिम भएको कार्यलाई वैधता दिन्छ। यदि नभएमा न्यायिक परीक्षण गरि बदरशुन्य घोषित गर्ने गर्दाछ। न्यायिक पुनरावलोकन स्वतन्त्र र सक्षम न्यायपालिकाको हतियार नै हो।

६. मागदावीः

क. संविधानको धारा ९१(६)(क) को मर्म अनुसार प्रतिनिधि सभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहने व्यवस्था अनुसार सभामुख र उपसभामुखको पद खालि गराउनु भनि विपक्षीको नाउमा संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशको आदेश जारी गरी पाऊँ।

ख. राजनीतिक संविधानवाद र कानुनी संविधानवादलाई आत्मसात गर्दै प्रतिनिधि सभा चुनाव,२०७९ को लागि राजनीतिक दलहरूले समानुपातिक तर्फको बन्दसूची निर्वाचन आयोगको कार्यतालिका बमोजिम गरिसकेको हुनाले संविधानको धारा ९१(६)(क) को व्यवस्थालाई आत्मसात गरि र सभामुख र उपसभामुख संविधान विपरित सो पद धारण गरि राज्यको स्रोत साधनको चरम दुरूपयोग गरेको हुनाले निवेदनको अन्तिम किनारा नहुन्जेलसम्म सभामुख र उपसभामुखबाट राज्यको स्रोत साधन तथा प्राप्त सेवा सुविधाहरुको दुरुपोग नहोस भन्ने अभिप्रायले, निजहरूलाई सो पदमा रहे वापत राज्यबाट प्राप्त हुने सेवा सुविधान प्रयोग गर्न बाट रोक लगाउनु  भनि सुविधाको सन्तुलनको रोहमा विपक्षीको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरि पाऊँ।

७. सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने निवेदन दस्तुर यसै साथ संलग्न गरेको छु।

८. संलग्न कागजातः

क. निवेदकको परिचयपत्रको प्रतिलिपि।

ख. मिति २०७९-४-१९ मा निर्वाचन आयोगले प्रकाशन गरेको विज्ञप्ति को प्रतिलिपि।

ग. मिति २०७९-५-२५ मा निर्वाचन आयोगले प्रकाशन गरेको विज्ञप्ति को प्रतिलिपि।

घ. सभामुख तथा उपसभामुखको प्रतिनिधि सभा चुनाव,२०७४ को प्रतिफलको प्रतिलिपि।

९. सर्वोच्च अदालत को नियम ४३ समानान्तर अधिकारक्षेत्र प्रयोग गरी उपचार माग गरेका छैनौं तथा ऐ. नियमावलीको नियम ४०(२)(ग) को कानुनी व्यवस्था निवेदकले उठाएको विषय यस अघि अदालतबाट निरूपण नभएको वा सो विषय अदालतमा विचाराधीन नरहेको जिकीर गर्दछौं।

१०. हामी निवेदक कानून व्यवसायी स्वयं तथा हामी निवेदकको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने तथा पेश गर्ने कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानि पाऊँ।

निवेदक

नि.वा. रेजीना पौड्याल

इति संवत् २०७९ साल असोज महिना ५ गते रोज ४ शुभम्------------------१